# सेन्दाई बहुसांस्कृतिक समाज बुलेटिन

## ठुला आकारका फोहोर फाल्ने तरिकाको बारेमा



घर सराइ वा आफ्नो देश फर्कने समयमा, धेरै फोहोरहरु निक्लन्छन नि होइन त ।

ठुला फर्निचर आदि, ठुला आकारको फोहोरको रुपमा व्यवस्थापन नगरी हुदैन । त्यसैगरी, टेलिभिजन वा फ्रिज आदिका ठुला घरेलु बिद्दुतीय उत्पादनहरुको व्यवस्थापन गर्ने तरिकाको बारेमा पनि जानी राखौं ।

### ठुला आकारका फोहोर भन्नाले ?

सबभन्दा ठुलो भागको लम्बाई लगभग 30 सेन्टिमिटर भन्दा लामो बस्तु

वजन चाँही 100 किलो सम्मको बस्तु

उदाहरण : सोफा, पलंग, सामान राख्ने र्याक आदि

ध्यान पुर्याउनुपर्ने कुरा !

※ ठुला आकारका फोहोर उठाउने दिन चाँही निर्धारित हुन्छ । निबेदन दिने बित्तिकै उठाउन चाँही मिल्दैन। अलि चाँडो निबेदन दिनुहोला ।

※ घर सर्दा या सरसफाइ गर्दा एकैसाथ धेरै फोहोर निस्कने समयमा, निवेदन दिएर उठाउन लगाउने वा आफैले फोहोर व्यवस्थापन कारखाना आदि स्थानमा लैजाऔं ।

· फोहोर फाल्ने कारखाना (पैसा लाग्छ ।)

| | |
|---|---|
| इमा इजुमी (फोहोर फाल्ने कारखाना) | (022) 289 - 4671<br>वाकाबायाशी कु इमा इजुमी आजा कामीसिन्देन 103 |
| कुजुओका (फोहोर फाल्ने कारखाना) | (022) 277 - 5399<br>आओबाकु गोरोकु आजा कुजुओका 57-1 |

### फोहोरलाई छुट्टयाउने तरिका वा फाल्ने तरिका थाहा नभएको बेलामा के गर्ने ?

- सेन्दाई सिटि द्वारा प्रकाशित『स्रोत तथा फोहोरको छुट्टयाउने तथा फ्याल्ने तरिका』 को पम्पलेट「ठुला आकारको फोहोरको फाल्ने तरिका」बाट खोज्न सकिन्छ ।(बहुभाषामा सामग्री उपलब्ध छ)

  उपलब्ध हुने भाषाः अंग्रेजी संस्करण, चीनीया संस्करण, कोरियन संस्करण, भियतनामी संस्करण, नेपाली संस्करण, (जापानीज भाषामा पनि लेखिएको छ)

  https://www.city.sendai.jp/haiki-shido/kurashi/machi/genryo/gomi/wakekata/pamph.html

- पहिलो अक्षरको आधार「गोज्युवोन दे हिकु वाकेकता जितेन」मा खोज्ने (जापानिज भाषा मात्र)

  घरेलु फोहोर या ठुला आकारको फोहोर आदिको, छुट्टयाउने वा फाल्ने तरिका खोज्न सकिन्छ।

  https://www.city.sendai.jp/haiki-shido/kurashi/machi/genryo/gomi/yobi/gojuon.html

- फोहोरलाई छुट्टयाउने「3R」सेन्दाई संस्करण (जापानी अंग्रेजी)

  एप्लिकेसन, वेबसाइटहरुमा फोहोरलाई छुट्टयाउने तरिका वा फाल्ने तरिका खोज्न सकिन्छ । अल्फाबेटमा पनि खोज्न सक्नुहुन्छ ।

  ① एप्लिकेसन संस्करण

  App Store र Google Play मा「さんあーる」लेखि खोज्ने, र डाउनलोड गर्नुहोस्।

  ② वेबसाइट संस्करण

  https://manage.delight-system.com/threeR/web/init/sendaishi

※ 2 पेज मा चाँही, ठुला आकारको फोहोर फाल्न निवेदन दिने तरिकाको बारेमा लेखिएकोछ ।

**6** वटा भाषाको जनसम्पर्क पत्रिका

नेपाली भाषा बाहेक अन्य, जापानिज／にほんご, अंग्रेजी／English, चिनियाँ／中文, कोरियन／한국어, भियतनामी／Tiếng Việt हरु छन। तपाइले यसलाई होमपेजबाट हेर्न सक्नुहुन्छ । साथै सेन्दाई बहुसांस्कृतिक समाज केन्द्रबाट पनि वितरित गरिदै आएकोछ ।

# सेन्दाई बहुसांस्कृतिक समाज केन्द्र

せんだいたぶんかきょうせい
## 仙台多文化共生センター


खुल्ने समय　प्रत्येक दिन बिहान ९ बजे देखि बेलुका ५ बजे (वर्षको अन्त्य र नयाँ वर्षको  बिदा, महिनाको १～२ दिनको बन्द दिन बाहेक)

ठेगाना　〒980-0856 सेन्दाई सिटि आओबा कु आओबा यामा सेन्दाई इन्टरनेशनल सेन्टर सम्मेलन भवन पहिलो तला

फोन　(022) 265-2471

फ्याक्स　(022) 265-2472

इमेल　tabunka@sentia-sendai.jp

युआरएल　http://int.sentia-sendai.jp/n/exchange/





■ विदेशी भाषामा दिइने परामर्श

दैनिक जिबनमा आइपर्ने समस्या या कठिनाइहरुको बारेमा विदेशी भाषामा परामर्श लिन सक्नुहुनेछ । 「दोभाषे सहयोग टेलीफोन」(022) 224-1919 मा फोन गर्नुहोला ।

उपलब्ध भाषाहरु： अंग्रेजी, चिनियाँ, कोरियन, भियतनामी, नेपाली, तागालोग, थाई, पोर्चुगली, स्पेनिस, रसियन, इन्डोनेसियन, इटालियन, फ्रेन्च, जर्मनी, मलेसियन, खमेर, बर्मेली, मंगोलियन, सिंहला भाषाहरु

■ त्यस बाहेका सेवाहरु

प्रशिक्षण कक्ष, बालबालिका कक्ष,जानकारी आदानप्रदान बोर्ड, पुस्तक फिर्ता गर्ने गरि लाने सुबिधा पनि दिइरहेका छौं । सामुदायिक गतिविधि या सम्बन्ध आदानप्रदान कार्यक्रमको लागिको जानिकारी तथा ठाँउ पनि उपलब्ध छ ।

## विदेशी नागरिकका लागिको विशेषज्ञिय परामर्श

वकिल या प्रशासनीक लेखनदास लगायतका विशेषज्ञ द्वारा हुने「 विशेषज्ञिय परामर्श बैठक 」नियमित रूपमा संचालित गर्दै आएकाछौं ।

सेन्दाईमा बसोबासको क्रममा कुनैपनि समस्या परेको खण्डमा, कृपया यहाँ सम्पर्क गर्नुहोला ।

गोपनीयताको पालना गर्नेछौ। एकजना लाई 30 मिनेटको समय हुनेछ ।

खुल्ने समय सबै, दिउँसो 1बजे बाट बेलुका 4बजे  सम्म हुनेछ ।

परामर्श बैठकको दिनमा होमपेज बाट पुष्टि गर्न सकिनेछ ।

http://int.sentia-sendai.jp/n/exchange/consultation.html



| प्रशासनिक लेखनदास | वकिल | श्रम मन्त्रालय | अध्यागमन बिभाग (इमिग्रेशन) | कर लेखनदास |
|---|---|---|---|---|


सम्पादन•प्रकाशन ： सेन्दाई पर्यटन तथा अन्तर्राष्ट्रिय एसोसिएसन(SenTIA)अन्तर्राष्ट्रिय सम्बन्ध विभाग

सेन्दाई बहुसांस्कृतिक समाज केन्द्र चाँही सेन्दाई सिटिबाट जिम्मेवारी पाएर, (सार्वजनिक हितको) सेन्दाई पर्यटन तथा अन्तर्राष्ट्रिय एसोसिएसनले यसलाइ संचालन गर्ने गर्दछ ।

नोभेम्बर 2021 मा प्रकाशित

## जानकारी

① **CIR अन्तर्राष्ट्रिय सम्बन्ध आदानप्रदानका सदस्य हरु द्वारा ठुला आकारका फोहोर फाल्ने तरिकाको बारेमा भिडियो तयार पारिएको छ !**

CIR अन्तर्राष्ट्रिय सम्बन्ध आदानप्रदानका सदस्य ले ठुला आकारका फोहोर फाल्ने तरिका थाहा नभएका बिदेशीनागरिकहरुको लागिको भिडियो तयार पारिएको छ। सेन्दाई सिटिको YouTube आधिकारिक साइट बाट हेर्न सक्नुहुन्छ।

भिडियोमा, अग्रिम रुपमा तयारी गर्नुपर्ने कुराहरु वा फोनबाट आवेदन गर्ने प्रक्रिया को बारेमा आदि बुझ्नसजिलो हुनेगरी अंग्रेजीमा व्याख्या गरिएको छ । कृपया आवश्य हेर्नुहोला।


दोभाषे सहायोगको लागिको फोननम्बर「(022) 224-1919」मा फोन गरेमा, बिदेशी भाषामा पनि आवेदन गर्ने तरिकाको लागि मद्दत गर्नेछौ ।

जापानीज भाषामा आवेदन गर्न चाहानुहुने व्यक्तिलाई पनि बहुसांस्कृतिक समाज केन्द्रको सदश्यहरुले मद्दत गर्नु हुनेछ ।

ठुला आकारका फोहोर फाल्ने तरिका थाहा नभई समस्या परेको खण्डमा, भिडियो वा सेन्टर डायरीको सहायतालिई, बहुसांस्कृतिक समाज केन्द्र मा सम्पर्क गर्नुहोस।

YouTube च्यानल : सेन्दाई Tube
शिर्षक : Guide on How to Dispose of Bulky Waste in Sendai City
https://youtu.be/jWKQGHq5IRI

② **【पुनःसुरुवात गर्नेछौ】पुरानो किताब, म्यागजिन, पत्रपत्रिकाहरु, दिने कार्य गर्नेछौं**



नयाँ कोरोनाभाइरस फैलावट रोकथामको लागि रोकिएको, पुराना किताबहरु दिने कार्य「Give Away」को पुनःसुरुवात गर्नेछौं । भण्डारण अवधि समाप्त भएका किताब वा बिदेशी पत्रपत्रिका, म्यागजिन, आदि निःशुल्क वितरण गरिरहेकोछौ। बहुसांस्कृतिक समाज केन्द्र खुल्ला भएको समय भित्र कुनैपनि बेला तपाइले यसको उपयोग गर्न सक्नुहुनेछ । कृपया यसको उपयोग गर्नुहोला।

Give Away कर्नरमा सेनीटाईजर पनि राखिएको छ। हेर्ने मानिसहरु धेरै भएको बेलामा, पर्खनुपर्ने पनि हुनसक्छ ।

| | |
|---|---|
| स्थान | सेन्दाई बहुसांस्कृतिक समाज केन्द्र भित्रको लबी |
| समय | हरेक दिनको बिहान 9 बजे～बेलुका 5 बजे (वर्षको अन्त्य र नयाँ बर्ष बिदा 1-2 दिन बन्दको दिन बाहेक) |
| ध्यान दिनुपर्ने कुराहरु | ※ झोला उपलब्ध नभएकोले, आफैले लिएर आउनुहोला । ※ ब्यवसायीक उद्देश्यको लागि उपयोग गर्न पाइने छैन । बिक्रि गर्न निषेधित छ । |

## परामर्श कर्मी कर्नर「फोहोर फाल्ने तरिकाको बारेमा」

हरेक अंकमा यस कर्नरको बिषय अनुसार, परामर्शकर्मिको अनुभव वा विचारलाई प्रस्तुत गरिन्छ ।

म नेपाली नागरिक हुँ र अहिले बहुसांस्कृतिक समाज केन्द्रमा परामर्श कर्मीको रुपमा काम गर्छु । नेपाल बाट जापान आएको 14 बर्ष भयो। सेन्दाई चारैतिर हरियाली सहर भएको हुंदा बस्न को लागी धेरै सजिलो छ।

नेपालमा क्षेत्र अनुसार फोहोर फाल्ने विभिन्न तरीकाहरु छन्। म बस्ने क्षेत्रतिर, घरपालुवा जनावरले बासीभएको खानेकुरा खाने, साढे गलेको फोहोर खाल्टोमा पुर्ने हुनाले फोहोरको बारेमा त्यति धेरै चिन्ता गर्नु पर्दैनथियो। राजधानी तिर हप्ताको दुई देखि 3 चोटी फोहोर संकलन गर्न आउछन। गल्ने फोहोर र प्लास्टिकहरुको फोहोर आदि सबै एउटा झोलामा हालेर, बाहिर लगेर राखिदिने गर्दछन। पछि फोहोर संकलन गर्ने गाडी लिन आउनेछ। फोहोर संकलन गर्ने समय पनि तोकिएको हुदैन। फोहोर कहिले संकलन हुन्छ भन्ने पनि थाहा हुदैन।

मलाई जापान आएपछी जापानको फोहोर फाल्ने तरिका देखेर धेरै राम्रो लग्यो। फोहोर संकलन गर्ने दिनहरु छुट्टाछुट्टै भै, फोहोरको बर्गिकरण पनि राम्रोसँग गरिने हुँदा, घरपनि सफा रहने र मनपनि आनन्द हुने रहेछ। तर सुरु सुरुमा नयाँ ठाउँमा भिन्दै जीवनशैली, भाषा पनि जानेको थिएन, फोहोर छुट्याउन कुन बार कुन फोहोर फाल्ने तरिका नजान्दा धेरै दुःख भयो। नेपालमा ठुला आकारका फोहोर फाल्दा पैसा लाग्दैन। टिभी, फ्रिज फाल्दा आफुले पैसा पाउने पनि हुन्छ। तर जापानमा ठुला आकारको फोहोर फाल्न पैसा धेरै लाग्ने रहेछ। यो देखेर मलाई अच्चम लागेको थियो। आफुलाई नचाहिएको सिरक डसनाहरु पनि कहाँ र कसरी फाल्ने नजान्दा धेरै दुःख भयो। बिस्तारै बिस्तारै फोहोर फाल्ने तरिका बुझेर, अहिले चाँही नियम पुर्बक फोहोर फाल्ने गरिराखेको छु। जापानमा आउनुभएको नेपाली बिधार्थीहरुले पनि नजानेको नबुझेको कुराहरु धेरै हुन्छन। आफ्नो नजिकको छिमेकी वा साथीहरु बाट जानकारी हरु लिईराख्नु अतिनै महत्वपूर्ण हुन्छ जस्तो लाग्दछ। तपाईहरुले पनि फोहोर फाल्ने तरिका थाहा नभएको खण्डमा छिमेकी वा घरमालिक लाई सोध्नु नहिचकिचाउनु होला।

(परामर्श कर्मी B)

## ठुला आकारको फोहोर फ्याल्ने तरिका

1. ठुला आकारको फोहोर रिसेप्सन सेन्टरमा निवेदन दिने

① फोनबाट निवेदन दिने तरिका

फोहोरको आकार  (लम्बाई, चौडाई, उचाई) कति छ खोज्ने र हेर्ने अनि मात्र फोन गर्नुहोस । तपाइले फाल्ने ठुला आकारको फोहोरको बारेमा अपरेटर लाई भन्नुहोस ।

अपरेटर, फोहोर उठाउने दिन, शुल्कको भुक्तानी, फाल्नको लागिको तयारिको बारेमा (रिसेप्शन नम्बर वा फाल्नको लागि राख्ने ठाउँ आदि) बताउने छ ।

| | |
|---|---|
| फोन नम्बर | (022) 716-5301 |
| रिसेप्शन हुने बार | सोमबार ～ शुक्रबारको |
| रिसेप्शन हुने समय | 9:00～17:00 बजे सम्म |

※ शनिबार र आइतबार बिदा, सार्वजनिक बिदाको दिनमा पनि रिसेप्शन खुल्ला हुने छ।

② इन्टरनेट बाट निवेदन दिने तरिका (जापानीज भाषा मात्र)
https://www.sendai-sodai.jp/eco/view/sendai/top.html

【ध्यान पुर्याउनुपर्ने कुरा】

इन्टरनेटमा निवेदन गर्न मिल्ने ठुला आकारको फोहोर चाँही निर्धारित गरिएको छ। वेबसाइटमा पूर्ण बिबरण  हेर्नुहोस। फोहोर उठाउने दिन, शुल्कको भुक्तानी, फाल्नको लागिको तयारिको बारेमा लेखिएको छ । राम्रोसँग पढेर निवेदन दिनुहोला। यदि तपाइबाट गल्ति भएमा फोहोर उठाइने छैन ।




2. शुल्क भुक्तानी

कम्बिनिएन्स स्टोर आदि, दाँयाको जस्तो स्टिकर टासिएको पसलबाट,निवेदन दिने समयमा भनिएको रकम बराबरको 「ठुला आकारको फोहोर व्यवस्थापन भुक्तानी टिकट」(सिल) किन्नुहोस।

※ भुक्तानी टिकट (सिल) चाँही एकपल्ट किने पछी, फिर्ता गर्न वा पुनःजारी गर्न सकिदैन ।

3. ठुला आकारको फोहोर फाल्न

「ठुला आकारको फोहोर व्यवस्थापन भुक्तानी टिकट」मा दर्ता नम्बर लेख्ने । ठुला आकारको फोहोरको देखिने भागमा टासेर, निवेदन दिएको समयमा भनिएको फोहोर उठाउने दिनको बिहान 8:30 बजे सम्ममा, तोकिएको स्थानमा राख्नुहोस ।

※ सिलमा दर्ता नम्बर नालेखिएमा फोहोर उठाइने छैन ।

※ सिलको शुल्क फोहोर अनुसार फरक पर्नेछ । निवेदन दिने समयमा बुझी राखौं ।

### ठुला आकारको फोहोरमा फाल्न नमिल्ने वस्तुको व्यवस्थापन

「टेलिभिजन, फ्रिज, एयर कंडीशनर, वाशिंग मेशिन आदिका घरेलु बिद्दुतीय उत्पादन」हरु ठुला आकारको फोहोरमा फाल्न मिल्दैन ।

निर्माण कम्पनिले सङ्कलन गरि रिसाइकल गर्दछ। सामान ढुवानी शुल्क र रिसाइकल शुल्क लाग्दछ । (कानुनले निर्धारण गरेको छ।)

**निवेदन दिने स्थान :**

① सामन किनेको पसल वा, नयाँ सामान किन्ने पसल

② किनेको पसल थाहा नभएको अवस्थामा,सेन्दाई सिटीको लाइसेन्स प्राप्त कम्पनिलाइ गर्न लगाउने

※ कम्प्युटर पनि ठुला आकारको फोहोर भित्रमा पर्दैन । किनेको कम्पनि सँग बुझौं । थाहा नभएको अवस्थामा, सेन्दाई सिटीको लाइसेन्स प्राप्त कम्पनिलाइ सोध्न सकिन्छ ।

※ सेन्दाई सिटि बाटको अनुमति पाएका फोहोर उठाउने कर्मचारीहरु बसोबास गरेका क्षेत्र अनुसार फरक हुन्छ ।बिस्तृत जानकारीको लागि तलको पम्पलेट『स्रोत तथा फोहोरको छुट्टयाउने तथा फ्याल्ने तरिकाको』 को पछाडिको पजेमा हार्नुहोला ।


### फोहोर फाल्ने सम्बन्धि जानकारी यँहा बाट



● पम्पलेट बाट खोज्ने
सेन्दाई सिटि『स्रोत तथा फोहोरको छुट्टयाउने तथा फ्याल्ने तरिका』

● भिडियो हेरेर फोहोर फ्याल्ने नियमको बारेमा जनिराखौ (YouTube)

① सेन्दाई सिटि अन्तर्राष्ट्रिय सम्बन्ध आदानप्रदानका सदस्य (CIR) : ठुला आकारका फोहोर फाल्ने तरिकाको बारेमा
बिस्तृत रुपमा दायाँ पटिको 「जानकारी」मा हेर्नुहोस ।




② सेन्दाई सिटि पर्यावरण ब्यूरो: : फोहोर फ्याल्ने तरिकाको नियमको बारेमा के तपाइलाई थाहा छ?
https://youtu.be/kDA1HPQQm8g

● भाषाको समस्याले मद्दतको आवश्यकता परेमा
बहुसांस्कृतिक समाज केन्द्र दोभाषे सहयोग फोन「(022) 224-1919」मा फोन गर्नुहोस् । आवेदन फारम भर्न मद्दत गर्नेछौं।